# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## माहाकुलुङ गाउँपालिका
## सोलुखुम्बु





महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## माहाकुलुङ गाउँपालिका

## सोलुखुम्बु




**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## माहाकुलुङ गाउँपालिका

## सोलुखुम्बु

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको, बाँकी अनुदान वर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेकोलगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनोट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दीअनुसार पदपूर्ति नभएको, दरबन्दीबेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एवं सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ । स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फस्यौटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भइ लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका प्रमुखसहितका पदाधिकारीहरूसँग छलफलसमेत गरिएको छ । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
कोशी प्रदेश

पत्र संख्याः २०७९/८०
च.नं. १११

मितिः २०७९।१२।२९

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू,
महाकुलुङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
सोलुखुम्बु ।

१. **कैफियतसहितको राय-** हामीले महाकुलुङ गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

२. **कैफियतसहितको राय व्यक्त गर्ने आधार-**

२.१ गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२.२ लेखापरीक्षणबाट रू. १ करोड ४३ लाख १९ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. १० लाख ७० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ८९ लाख ५४ हजार र नियमित गर्नुपर्ने रु. ४२ लाख ९५ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु. ४ करोड ६ लाख ७ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ५ करोड ४८ लाख ५० हजार रहेको छ । **गाउँपालिकाको बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**

२.३ गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेकोलगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

२.४ आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं । त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

३. **वित्तीय विवरणउपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

४. **वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी-** वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(पद्मप्रसाद आचार्य)
नायब महालेखापरीक्षक

# महाकुलुङ गाउँपालिका, सोलुखुम्बु
## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## आर्थिक वर्ष २०७८/७९

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ३३ | ४० | १४३१९ | ० | ० | ० | ३३ | ४० | १४३१९ | १०७० | ४२९५ | ८९५४ | ० | ० | १३२४९ | ० |

## प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्वीकृत विवरण

*(रु. हजारमा)*

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| | | **प्रतिक्रिया प्राप्त नभएको** | |
| | | | |
| जम्मा रु. | | | |

## अद्यावधिक बेरुजु स्थिति

*(रु. हजारमा)*

| जिल्ला | पालिका | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|---|
| सोलुखुम्बु | महाकुलुङ गाउँपालिका | ४०६०७ | ० | ७६ | ४०५३१ | ० | १४३१९ | ५४८५० |

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : महाकुलुङ गाउँपालिका, सोलुखुम्बु , माहाकुलुङ गाउँपालिका , सोलुखुम्बु

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | विष्णु रञ्जन बराल | २०७७-९-१४ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | नारायण काजी बस्नेत | २०७६-८-२ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | १४,३१९,२४७.१८ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ४,३६,३०,१८३.५३ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २१,६८,६३,६०३ | **चालु खर्च** | १६,६३,६७,१८३ |
| **प्रदेश सरकारबाट अनुदान** | १,५१,०६,४५१ | **पूँजीगत खर्च** | १०,९८,८०,८४५ |
| **राजश्व बाँडफाँट** | ७,१५,३६,१८५.६६ | **वित्तीय/अन्य व्यवस्था** | ० |
| **आन्तरिक आय** | २३,०८,०२२.२ | | |
| **अन्य आय** | ३१,३६,२९९.०७ | | |
| **कुल आय** | ३०,८९,५०,५६०.९३ | **कुल खर्च** | २७,६२,४८,०२८ |
| **बाँकी मौज्दात** | | ८,१४,७१,८८६.३४ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस महाकुलुङ गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ५ वडा, २८ सभा सदस्य, ६४८.०५वर्ग किलोमिटर क्षेत्रफल तथा ११ हजार ९७१ जनसंख्या रहेको छ । | |
| २ | | | **वित्तिय विवरण** | |

प्रासी भुक्तानी हिसाव

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्रासी (क+ख) | | ३५,१३,७६,६५४.०७ | ३२,४८,५४,७०४.४३ | | ३२,४८,५४,७०४.४३ | ३१,३०,१२,६९५.१० | | ३१,३०,१२,६९५.१० |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ३४,१२,८०,५३३.०७ | ३०,८९,५०,५५९.९३ | ० | ३०,८९,५०,५५९.९३ | २९,५२,११,२३५.१८ | ० | २९,५२,११,२३५.१८ |
| ११००० कर | ११ | ७,५१,५१,१२० | ६,६५,८७,४६९.४२ | ० | ६,६५,८७,४६९.४२ | ६,३३,२९,६१४.१८ | ० | ६,३३,२९,६१४.१८ |
| १३००० अनुदान | | २६,२५,६६,००० | २३,१९,७०,०५३ | ० | २३,१९,७०,०५३ | २३,१०,९९,३५४ | ० | २३,१०,९९,३५४ |
| संघीय सरकार | १२ | २४,२६,७९,००० | २१,६८,६३,६०२ | ० | २१,६८,६३,६०२ | २१,३९,६३,३५४ | ० | २१,३९,६३,३५४ |
| प्रदेश सरकार | १२ | १,९८,८७,००० | १,५१,०६,४५१ | ० | १,५१,०६,४५१ | १,७१,३६,००० | ० | १,७१,३६,००० |
| १४००० अन्य राजस्व | | ३५,०१,२९९.०७ | १,०१,८२,०८२.५१ | ० | १,०१,८२,०८२.५१ | ७,५३,९८६ | ० | ७,५३,९८६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १५००० विविध प्राप्ति | | ६२,११४ | २,१०,९५५ | ० | २,१०,९५५ | २८,२८१ | ० | २८,२८१ |
| ३३००० दायित्व | | ० | ० | ० | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | १,००,९६,१२१ | १,५९,०४,१४४.५० | | १,५९,०४,१४४.५० | १,७८,०१,४५९.९२ | | १,७८,०१,४५९.९२ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | १,००,९६,१२१ | १,००,१४,२१३.५० | ० | १,००,१४,२१३.५० | १,५३,३३,५५९.५० | ० | १,५३,३३,५५९.५० |
| धरौटी | | ० | ५८,८९,९३१ | ० | ५८,८९,९३१ | २४,६७,९००.४२ | ० | २४,६७,९००.४२ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ३८,३४,१२,६५४.०७ | २८,५५,२३,३९८.१२ | | २८,५५,२३,३९८.१२ | २८,५५,२९,६३४.५९ | | २८,५५,२९,६३४.५९ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ३७,३३,१६,५३३.०७ | २७,६२,४८,०२५ | | २७,६२,४८,०२५ | २७,१५,८८,६२३.५९ | | २७,१५,८८,६२३.५९ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ९,५०,५७,००० | ७,६४,७०,७७९ | ० | ७,६४,७०,७७९ | ६,५२,२५,३६९ | ० | ६,५२,२५,३६९ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ११,०५,४६,११४ | ७,४४,७५,८५७ | ० | ७,४४,७५,८५७ | ८,१४,८५,०९७.८० | ० | ८,१४,८५,०९७.८० |
| २५००० सहायता | १८ | ५,००,००० | ५,००,००० | ० | ५,००,००० | १२,९१,१२५ | ० | १२,९१,१२५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| (Subsidy) | | | | | | | | |
| २७००० सामाजिक सुरक्षा | १८ | १,८२,६२,००० | १,३२,५८,९८७ | ० | १,३२,५८,९८७ | १,५६,६९,२६१ | ० | १,५६,६९,२६१ |
| २८००० अन्य खर्च | १८ | २२,३०,००० | १६,६१,५६० | ० | १६,६१,५६० | १३,१०,००० | ० | १३,१०,००० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १४,६७,२१,४१९.०७ | १०,९८,८०,८४२ | ० | १०,९८,८०,८४२ | १०,६६,०७,७७०.७९ | ० | १०,६६,०७,७७०.७९ |
| ३३००० दायित्व | १८ | ० | ० | ० | ० | ० | ० | ० |
| घ. अन्य भूक्तानी | | १,००,९६,१२१ | ९२,७५,३७३.१२ | | ९२,७५,३७३.१२ | २८,५५,२९,६३४.५९ | | २८,५५,२९,६३४.५९ |
| कोषहरु | | १,००,९६,१२१ | ८८,१२,२२५.१२ | ० | ८८,१२,२२५.१२ | १,३८,३३,९४१ | ० | १,३८,३३,९४१ |
| धरौटी | | ० | ४,६३,१४८ | ० | ४,६३,१४८ | १,०७,०७० | ० | १,०७,०७० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | (३,२०,३६,०००) | ३,९३,३१,३०६.३१ | | ३,९३,३१,३०६.३१ | २,७४,८३,०६०.५१ | | २,७४,८३,०६०.५१ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ४,२१,४०,५८०.०३ | | ४,२१,४०,५८०.०३ | १,६१,९०,१७६.०२ | | १,६१,९०,१७६.०२ |
| वर्षान्तको बाकी रकम | | (३,२०,३६,०००) | ८,१४,७१,८८६.३४ | | ८,१४,७१,८८६.३४ | ४,३६,७३,२३६.५३ | | ४,३६,७३,२३६.५३ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>(ङ + च)</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>बैंक तथा नगद बाकी</td><td>२४</td><td></td><td>८,१४,७१,८८६.३४</td><td></td><td>८,१४,७१,८८६.३४</td><td>२,५४,६१,०४२.३२</td><td></td><td>२,५४,६१,०४२.३२</td></tr>
</table></td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>थप वित्तिय विवरण<br>पालिकालाई संघिय ससर्त तर्फबाट प्राप्त निम्नानुसारको रकम तथा राजश्व समेतको लेखापरीक्षण सम्पन्न भएको छ ।<table>
<tr><td>ब.उ.सि.नं.</td><td>कार्यक्रमको नाम</td><td>बजेट</td><td>निकासा खर्च रकम</td></tr>
<tr><td>३१४०१०१२३</td><td>सामाजिक सुरक्षा तथा संरक्षण</td><td></td><td></td></tr>
</table>राजस्व<table>
<tr><td>गत वर्षको मौज्दात</td><td>यस वर्षको आम्दानी</td><td>संचितकोष दाखिला रकम</td><td>नगद मौज्दात बाँकी</td></tr>
<tr><td></td><td></td><td></td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>अभिलेख व्यवस्थापन</td><td></td></tr>
<tr><td>४.१</td><td></td><td></td><td>सार्वजनिक निकायले म ले प फा नं ५०६ बमोजिमको ढाँचामा ठेक्कागत अभिलेख खाता र म ले प फा नं ५०७ बमोजिम ठेक्का सम्बन्धी गोश्वारा लगत राख्नु पर्ने व्यवस्था छ । कार्यालयले तोके बमोजिमको ढाँचामा ठेक्काको अभिलेख राखेको पाइएन । नियमानुसार अभिलेख तयार गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>४.२</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४९ बमोजिम सार्वजनिक निकायले खरिद कारवाहीको अभिलेख राख्नुपर्ने व्यवस्था छ । कार्यालयले खरिद सम्बन्धी कारवाहीको अभिलेख राखि अद्यावधिक गरेको नपाइएकोले खरिद समबन्धी अभिलेख तयार गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>दरवन्दी प्रस्ताब<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा संगठन संरचना कायम तथा</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | दरवन्दि स्विकृत गरेको पाइएन। | |
| ६ | | | **अवकाश कोष/कल्याण कोष**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका अवकासकोष र कल्याणकोणको व्यवस्था गर्नुपर्नेमा गरेको पाइएन। | |
| ७ | | | **कानून निर्माण तथा कार्यान्वयन**<br>कार्यन्बयनः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था भएकोमा पालिकाले हाल सम्म १५ ऐन, ४नियमावली ,६० कार्यविधि, १२ निर्देशिका, १ आचारसंहिता, १ मापदण्ड निर्माण भइ कार्यान्वयनमा ल्याएको छ। | |
| ८ | | | **न्यायिक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रिया सम्वन्धि व्यवस्था छ। न्यायिक समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका विवाद दर्ता भएको ३ महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ। न्यायिक समितिमा परेको उजुरी तथा फर्छ्यौट को विवरण लेखापरीक्षणमा पेश भएन। | |
| ९ | | | **बिबिध खर्चः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु २४९२३१०।। खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| १० | | | **आर्थिक सहायताः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले अन्य सस्था सहायता रु ५०००००, छात्रबृति रु८१५००० गरि जम्मा रु १३१५००० आर्थिक सहायता वितरण गरेको पाइयो। सामाजिक सुरक्षा शिर्षक वाट जेष्ठनागरिक, महिला, दलित, वालवालिका लाइ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | खाध्यान्न कपडा लगायतका सामग्रि वितरणमा रु २१०२६८४ खर्च गरेको पाइयो। । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| ११ | | | **आन्तरीक नियन्त्रण प्रणालीः**<br>**आन्तरीक नियन्त्रण प्रणाली**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ मा स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाइएन । यस सम्बन्धि देखिएका थप व्यहोराहरु देहायअनुसार छन ।<br>· स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार पालिकालेआफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको देखिएन<br>· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन<br>· पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको तोकिएको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन<br>· पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन<br>· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन<br>· गाउँपालिकाले जिन्सी मालसामानको एकिकृत विवरण तथा सहायक जिन्सी खाता राखेको पाईएन<br>· गाउँपालिकाले वडा कार्यालयमा रहेको जिन्सी मालसामानको अभिलेख मूल जिन्सी खातामा अद्यावधिक गरेको पाईएन<br>· गाउँपालिकाले जिन्सी निरिक्षण गरेको पाईएन<br>· कट्टा गरेको कर तोकिएको अवधीमा सम्बन्धित राजस्व खातामा जम्मा गरेको पाइएन<br>• पालिकाले सार्वजनिक खरिद नियमावली तर्जुमा गरेको पाइएन<br>· सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन<br>· संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको देखिएन | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको पाइएन<br>• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गरेको पाइएन<br>• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख राखेको पाइएन<br>• उपभोक्ता समितिबाट सम्झौताबमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा मुल्यांकन गर्ने गरेको पाइएन<br>• स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन। मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था रहेको पाइएन<br>• शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग भिडान गर्ने व्यवस्था कार्यान्वयन नभएको<br>• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राखुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका अभिलेखहरु अद्याबधिक गरेको पाइएन<br>• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित रहेको छैन<br>• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावद्धिक गरेको पाइएन<br>• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखे को पाइएन<br>• विविध खर्च गर्दा विभिन्न होटलका विल पेश भएको भएतापनि कतिपय खर्च पुष्टि हुने आधार सहितको प्रमाण संलग्न गरेको देखिएन । खर्चको स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने आवश्यक प्रमाण संलग्न गरेर खर्च गर्ने र विल मात्र राखि खर्च गर्ने परिपाटि अन्त्य गर्नु पर्दछ<br>· सरकारी कार्यालयको बेरुजु लगत राख्न म.ले.प. फा.नं. ८०१ देखि ८०५ सम्म तपसिलको फारमहरुको व्यवस्था रहेकोमा पालिकाले तोकिएको ढाँचामा बेरुजु लगत अद्यावधिक गरेको पाईएन | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | · वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन<br>· मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई दिने गरेको देखिएन<br>• स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका तयार गरेको पाइएन<br>· कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन<br>· मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक गरेको पाइएन<br><br>· सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखेको देखिएन। सफ्टवेयर फेलर वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था भएको देखिएन।<br><br>· गाउँपालिकाले म.ले.प. फारमा ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक र ९०६ बमोजिमको सवारी साधन र मेशिनरीको मर्मत अभिलेख राखेको पाईएन ।<br><br>· भ्रमण खर्च नियमावली २०६४ को नियम २१ वमोजिम कार्यालयले भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले भ्रमण अभिलेख खाता राखेको पाईएन ।<br>· सरकारी भ्रमण गर्ने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रतिवेदन संलग्न गरेरमात्र भ्रमण खर्च भुक्तानी गर्नुपर्नेमा गाउँपालिकाबाट भ्रमण खर्च भुक्तानी गर्दा भ्रमण प्रतिवेदन संलग्न गरेको पाईएन।<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ८८ मा कार्यालयले वेरुजुको लगत राख्नुपर्ने व्यवस्था छ । पालिकाले वेरुजुको लगत अद्यावधिक गरेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आन्तरिक नियन्त्रण व्यवस्थाले मितव्ययिता पारदर्शिता र सेवा प्रवाहमा असर पर्ने भएकोले उल्लेखित नियमको प्रवधान पालना गरी उपर्युक्त विषयमा सुधार गर्नु पर्दछ। | |
| १२ | | | **जिम्मेवारी फरक**<br>कार्यालयले वित्तिय विवरण तयार गर्दा गत वर्षको वित्तीय विवरणमा देखाएका कोष, शीर्षक बमोजिमका रकमहरु यस वर्ष जम्मेवारी सारी हिसाव अद्यावधिक गर्नुपर्नेमा गत वर्षको वित्तिय विवरण(मलेप फा.नं.२७२ मा) मौज्दात रकम रु.४२१४०५८०।०३ रहेकोमा यो वर्ष सो मौज्दात अल्या गर्दा रु.४३६७३२३९।५३ देखाएकोले बढी देखिएको मौज्दात रकम सम्बन्धमा बैंक मौज्दात समेत समावेश गरी फरक जिम्मेवारीको हिसाब मिलान भिडान र अद्यावधिक गर्नु पर्दछ । | |
| १३ | | | **रकमान्तर र थप योजना**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ रकमान्तर समबन्धी व्यवस्था रहेको छ । कार्यालयले सभावाट पारित वजेटमा स्विकृत चालु तर्फका ५ कार्यक्रममा रहेको रु.२१५००००।- समेत रकमान्तर गरी चालु तर्फ २४ योजनामा रु.८६२८१००।- थप गरेको र पुँजिगत तर्फका १३ योजनामा विनियोजित रु.१०३१००००।- समेत रकमान्तर गरी ४४ योजना थप गरी रु.२९०४६२९९।- रकमान्तर बाट योजना तथा कार्यक्रममा खर्च गरेको पाइयो । नियममा भएको व्यवस्थाको पालना गरेर मात्र खर्च गर्नु पर्दछ। | |
| १४ | | | **कोभिड - १९ तर्फ** | |
| १४.१ | | | पालिकाले कोभिड-१९ को संक्रमणको रोकथाम तथा नियन्त्रण कार्यमा खर्च गर्दा विपद व्यवस्थापन कोष खातावाट कारोवार गरेकोमा यस वर्षको आय-व्यय निम्नानुसार रहेको छ । | |

| आय | रकम | व्यय | रकम |
|---|---|---|---|
| गत वर्षको अल्या | १६६४६५६।- | जोखिम भत्ता | २०००००।- |
| कोभिड राहत | २६५००००।- | पि.सि.आर परिक्षण नमूना ढुवानी | १३९०००।- |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td>राहत वितरण</td><td>३९५१४४।-</td></tr>
<tr><td></td><td></td><td>आइसोलेसन केन्द्र सरसफाई तथा सामाग्री</td><td>९९६०९।-</td></tr>
<tr><td></td><td></td><td>औषधी खरिद</td><td>६२६८९।५०</td></tr>
</table>
पालिकावाट प्राप्त विवरण अनुसार यो वर्ष कोभिड संक्रमणको अवस्था देखिएको कारण सगरमाथा मा.वि.नमूना संकलन गरी २४४ जनाको नमूना विराटनगर स्थित प्रदेश ल्यावमा पठाउने कार्यको लागि गाडीभाडामा लिई १५ दिनको लागि रु.२७८०००।— खर्च गरेको छ ।सो को अतिरिक्त १ जनालाई सल्लेरी स्थित अस्पतालवाट रेफर गरी गाडीवाट विराटनगर सम्मको लागि थप रु.२७०००।— समेत खर्च गरेको पाइयो ।<br>
पालिकाले वडाहरुमा कोभिड १९ को संक्रमण देखिएको उल्लेख गरी दलित वस्तीमा ३० केजी चामल, ५ केजी दाल, १ लि. तेल र सावुन समेत वितरण कार्यमा वडा न्.१,२,३,४ का १११ जना व्यक्तिहरुलाई खद्यान्न राहत वितरणमा खर्च गरेको छ ।
</td><td></td></tr>
<tr><td>१४.२</td><td></td><td></td><td>
कार्यविधिको पालना :- नेपाल सरकारवाट २०७८।७।१५ को राजपत्रमा प्रकाशित कोभिड-१९ महामारीवाट प्रभावित अति विपन्न परिवार नगद हस्तान्तरण कार्यविधि २०७८ को दफा ३ मा नगद प्राप्त गर्ने लाभग्राहीको व्यवस्था रहेको छ । दफा ३ मा कोभिड १९ कारण गर्दै आएको रोजगारी गुमाएको, खुल्ला सडकमा नाङलो डोकोमा सामान वेच्ने, ठेलागाडा रिक्सा चालक यातायात मजदुर, कोभिड १९ को कारण एकाघरको आय आर्जन गर्ने मुख्य सदस्यको मृत्यू भई आर्थिक संकट झेल्नुपरेको परिवारलाई तोकिएको छ । सोही दफा ३(२) मा निवेदन दिदाको समयमा निवेदकको कुनै सदस्यले सरकारी, निजि वा अन्य संघसंस्था, वैदेशिक रोजगारीको अवसर प्राप्त गरी आर्जन गरेको, सामाजिक सुरक्षा भत्ता पाउने, निवृत्तिभरण वा विदेशी सरकारवाट पेन्सन सुविधा प्राप्त गरिएको संचित आय, वा पैत्रीक सम्पत्तीवाट तत्कालको खर्च पुरा गर्ने वा प्रधानमन्त्री रोजगार कार्यक्रम, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहवाट यस अघि कुनै राहत नपाएको हुनुपर्ने गरी तोकिएको छ ।पालिकाले यस वर्ष प्राप्त कोभिड १९ नगद राहतको रकम निम्नानुसार वितरण गरी खर्च गरेको पाइयो ।
<table>
<tr><th>वडा नं.</th><th>रकम</th></tr>
<tr><td>१</td><td>६,८०,०००।-</td></tr>
</table>
</td><td>२,६२०,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>३</td><td>५,७०,०००।-</td></tr>
<tr><td>२</td><td>५००,०००।-</td></tr>
<tr><td>४</td><td>५००,०००।-</td></tr>
<tr><td>५</td><td>३७०,०००।-</td></tr>
<tr><td></td><td>२६२०,०००।-</td></tr>
</table>
कोभिड १९ वाट प्रभावित नागरिकलाई नगद राहत वितरण सम्बन्धी नेपाल सरकार वाट स्वीकृत मापदण्ड भन्दा फरक गरी कार्यपालिकाको २०७८।११।८ को निर्णयवाट गरिव घर परिवार पहिचान सर्वेक्षण २०७७ को आधारवाट राहत रकम वितरण गर्नाले मापदण्ड र कार्यविधि पालना नगरी भुक्तानी गरेकी अनियमित रु.</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>सेवा प्रवाह<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानीय तहले आफ्नो नागरिकहरुलाई प्रदान गरेका सेवा र सोको प्रभावकारिता सम्बन्धमा अनुगमन तथा पृष्ठपोषण समेत लिई सेवाको गुणस्तर समेतमा आश्वस्त भई सेवा प्रवाह सञ्चालन गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा पालिकाले २०७८।७९ को अवधिमा प्रदान गरेको सेवाहरु सम्बन्धि विवरण माग गरिएकोमा विवरण पेश हुन नआएकोले पालिकाको सेवा प्रवाहको अवस्था सम्बन्धमा थप विश्लेषण गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>तलबी प्रतिवेदन<br>निजामती सेवा ऐन, 2049 को दफा 7 ख 2 वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ पालिकाले आर्थिक वर्ष २०७७।७८ को तलवी प्रतिवेदन पारित नगरि तलव भत्तामा रु. ११९९३२०३/- खर्च लेखेको पाइयो । तलवी प्रतिवदेन पारित नभएकोले वास्तविक तलव तथा ग्रेड रकमको खर्च यकिन गर्ने अवस्था रहेन । तलवी प्रतिवेदन पारित गरेर मात्र तलव भत्ता खर्च लेख्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>मौज्दात भिडान<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७२ बमोजिम पालिकालाई प्राप्त सम्पुर्ण प्राप्ती र भुक्तानी समावेश गरी वित्तिय विवरण</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | तयार गर्नु पर्ने व्यस्था छ । पालिकाले यस वर्ष प्राप्त भएको रकम मध्ये चालु र पुँजिगत शिर्षक तर्फ खर्च गरी प्राप्ती र भुक्तानी विवरणमा (म.ले.प.फा.नं. २७२) रु.३९३३१३०६.३१ बाँकी मौज्दात देखाएकोमा गत वर्षको मौज्दात सहित वर्षान्तको कुल मौज्दात रकममा रु. १४८९६०३.५० फरक परेको व्यहोरा लेखापरीक्षणमा औंल्याएकोमा पालिकाले पेश गरेको बैंक हिसाब मिलान विवरणमा फरक रकम रु.१५३२६५६.५० उल्लेख गरी हिसाब मिलान पेश गरेको भएता पनि अन्तिम मौज्दातमा फरक देखिएको रकम सम्बन्धमा पुन यकिन गरी हिसाब अद्यावधिक गर्नु पर्दछ । | |
| १८ | | | **संगठन संरचना /दरवन्दी पदपुर्तिः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षणमा प्राप्त विवरण अनुसार स्वास्थ्य समेत ८९ दरवन्दि मा २१ कार्यरत र ६८ रिक्त देखिएको मा पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरेको पाईएन। अतः संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा संगठन संरचना कायम तथा दरवन्दि स्विकृत गरि पदपुर्ति गर्नु पर्दछ। | |
| १९ | | | **अधुरो कार्य** | |
| १९.१ | | | **विद्युतीकरण कार्यः** स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम पालिकाले लागत साझेदारीमा संचालन गर्ने कार्यक्रमहरु संझौतामा तोकिएको अवधी भित्र पुरा गर्नुपर्ने व्यवस्था छ । पालिका र सामुदायिक ग्रामिण विद्युतीकरण विभाग विच २०७८।५।३१ मा पालिका भित्र विद्युतीकरण कार्य गर्ने सम्झौता गरी रु.१४९९९६३८।— मा उक्त विभाग मार्फत ३६६३ घरमा विद्यूत सेवा पुर्याउने गरी भुक्तानी गरेकोमा यो वर्ष सम्म सम्झौता अनुसारको कार्य प्रारम्भ गरेको देखिएन । सम्झौता अनुसारको कार्य पुरा गराउनु पर्दछ । | |
| १९.२ | | | **डिपिआर खर्च** : स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७४(६) मा प्रमुख प्रशासकिय अधिकृतले नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यता कायम गर्न आवश्यक व्यस्था मिलाउनु पर्ने व्यस्था छ । ऐनको दफा ११(६) ले स्थानिय स्तरका विकास आयोजना तथा परियोजना समेतको उल्लेख गरेको छ । ऐनमा पुर्वाधार जन्म विकासका लागि आवश्यक आयोजना तथा परियोजनाको तर्जुमा गर्न सक्ने व्यवस्था भएता पनि ठुला ताल तथा कृत्रिम ताल निर्माण गर्ने कार्य गा.पा.को क्षेत्र भित्रको कामको तोकिएको पाइएन । पालिकाले वजेट श्रोत सुनिश्चितता नभएको, महाकुलुङ तालको geotechnical Investigation report at Mahakulung | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ताल सम्वन्धी कार्य परामर्श दाता फर्मवाट गराई रु.१९५०,०००।— खर्च गरेको पाइयो । परामर्शदाताले उक्त तालको अध्ययन गरी ताल निर्माण हुन नसक्ने रायको प्रतिवेदन दिएको आधारमा सो काम नहुने गरी छाडियो । कार्यक्षेत्र भित्र स्पस्ट नरहेको ठुलो प्रकृतोको ताल बनाउने कामको अध्यन कार्य गराई खर्च गरेकोले खरिद कार्य मितव्ययी र प्रभावकारी देखिएन । आफ्नो कार्यक्षेत्र भित्र स्पस्ट नभएको कामको परामर्शदातावाट DPR तयार गर्न खर्च गरेको देखियो । | |
| २० | | | **राजश्व दाखिला**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २८ अनुसार नेपाल सरकारलाई प्राप्त हुने राजश्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोहि दिन र सोहि दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यात्तिले बैंक दाखिला गर्नुपर्ने व्यवस्था गरेको छ । दफा २८ बमोजिम आफ्नो जिम्मामा आएको सरकारी नगदि सोहि दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सोभन्दा बढी ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारवाही समेत गर्न, गराउन सक्ने व्यवस्था रहेको छ । ऐनबमोजिम आफ्नो जिम्मामा आएको सरकारी रकम समयमा दाखिला गरेको नदेखिएकाले जरिवाना सहित असुल गर्नुपर्ने रकम रु. | ७,४३२.९ |

| नाम | दाखिला बाँकी रकम | दाखिला मिति | जरिवाना | जम्मा |
|---|---|---|---|---|
| वावुराम किंरात | ३७९९ | | ३७९।९ | ४१७८।९ |
| कमल धमला | ११९७१ | २०७९।०५।२२ | ११९७।१ | ११९७।१ |
| सितामाया कुलुङ | १३०० | | १३० | १४३० |
| सिर्जना अधिकारी | ३३४५ | २०७९।०५।२२ | ३३४।५ | ३३४।५ |
| युवराज राई | २९२४ | २०७९।०५।२२ | २९२।४ | २९२।४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१ | | | **राजश्व असुली**<br>पालिकाको आर्थिक ऐन बमोजिम व्यावसाय कर, सवारी कर, विज्ञापन कर, स्थानीय उत्पादन निकासी कर, मनोरञ्जन कर, बहाल विटौरी कर, पार्किङ शुल्क, ट्रेकिङ शुल्क, पर्यटन शुल्क लगायतका कर तथा शुल्कहरुको निर्धारण गरेपनि मालपोत शुल्क र सिफारीस शुल्क बाहेक अन्य कुनैपनि शिर्षकका कर तथा शुल्कहरु असुल नगरेकाले आर्थिक ऐन बमोजम तोकिएका कर, दस्तुर तथा शुल्कहरु एकिन गरि असुल गर्नुपर्दछ । | |
| २२ | | | **खरिद सम्झौता र गुणस्तर परिक्षण**<br>**वार्षिक खरिद योजना र निर्माण कार्यको गुणस्तर :-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८ मा सार्वजनिक निकायले वार्षिक खरिद योजना तयार गरी खरिदको कारवाहीको समय तालिका समेत उल्लेख गर्नुपर्ने वार्षिक खरिद योजना तयार गरी खरिदको कारवाहीको समय तालिका समेत उल्लेख गर्नुपर्ने तथा समय तालिकामा उल्लेख गर्नुपर्ने कुरा समेत तोकिएको छ । कार्यालयले वार्षिक खरिद योजना स्वीकृत गरेको पाइएन । प्रदेश शर्शत तर्फक्ष वजेट रकम वाट वुड वजारको पुर्वाधार विकास रु.१५०००००।— काम सिलवन्दी दरभाउपत्रको माध्यमवाट गराउन २०७९।२।१३ मा शिलवन्दी मा रु.१४४२६०९।४२ मा खरिद सम्झौता गर्दा काम गर्ने अवधी २०७९।३।२५ (१८ दिन) सम्म मात्र रोपेको छ । यो वर्ष २०७९।२।२२ मै उक्त कार्य सम्पन्न गरी भुक्तानी गरेको पाइयो । आषाढ महिना र वर्षाको समयमा गरिएका निर्माण र पुर्वाधार विकास सम्वन्धी गरिएका कामको गुणस्तर तथा दिगोपना समेत असर पर्न सक्ने भएकोले तोकिएको चौमासिक भित्रै काम गराउनु पर्दछ । | |
| २३ | | | **योजना संचालन फरक स्थिति** | |
| २३.१ | | | **गैर सरकारी संस्थाको बाटोमा लगानी :-** स्थानीय सरकार संचालन ऐन २०७४ को दफमा ११(६)मा स्थानीय स्तरका विकास योजनाहरु छनौट सम्बन्धमा व्यवस्था रहेको छ । पालिकाले नेपाल शेर्पा संघ महाकुलुङ कार्य समितिको कार्यालय जाने वाटो निर्माण सम्बन्धी योजना पालिका पुँजिगत र प्रदेश संसद निर्वाचन क्षेत्र पुर्वाधार विकास कार्यक्रम दुवै तर्फवाट सो योजनामा रकम छुट्याई पालिका तर्फवाट रु.१० लाख र प्रदेश सांसद वाट रु. ५ लाखको छुट्टाछुट्टै लागत र कार्यक्रमवाट रकम छुट्याई खर्च गरेको मा लागत अनुमानमा शेर्पा संघको कार्यालय जाने वाटोमात्र उल्लेख गरिएको र प्रदेश तर्फको रकमवाट खर्च गराउन तयार गरेको ल.ई. मा Hard Rock, Soft Rock, Medium Rock समेतमा माटोको आइटम समावेश गरी मेशिनद्धारा कटीङ कार्य र तारजालीमा ढुंगा भर्ने काम रहेकोमा शुरु सम्झौतामा २*१*१ को ८ वटा जालीको र २५ घ.मी ढुंगाको काम रहेकोमा पालिकाले थप कामको आदेश स्वीकृत | २७४,११४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | नगरी ३३ वटा तारजालीमा ७५ घ.मी ढुंगा भरेको कामको विल तयार गरी भुक्तानी गरेको अनियमित रु. | |
| २३.२ | | | **एकै योजनाको काममा फरक दरः-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा लागत अनुमान तयार सम्बन्धी व्यवस्था गरी लागत अनुमान तयार गर्दै सम्बन्धित जिल्लाको दररेट समितिले तोकेको दरवाट गर्नुपर्ने व्यवस्था छ । पालिकाले नेपाल शेर्पा संघ (महाकुलुङ गापा कार्य समिति)को घडेरी तथा वाटो सम्याउने योजनामा प्रदेश सरकारको कार्यक्रम तथा गा.पा पुँजीगत योजना दुवै श्रोतवाट रकम विनियोजन गरी उपभोक्ता समिति मार्फत कार्य गराउदा निम्नानुसारको दरवाट कामको सम्झौता गरी खर्च गरेको पाइयो । | १३,६९६ |

| कामको विवरण | परिमाण | पालिका दर | प्रदेश दर | बढी दर | रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| E/w excavation for foundation | ४१.५१ घ.मी | ६७७।७४ | ४७०।- | २०७.७४ | २२९६ | पालिका तर्फ ११.०५ घ.मी |
| Stone Packing | १०५घ.मी | २८२५।- | २९७७।- | १५२।- | ११४००।- | प्रदेश तर्फ ७५ घ.मी रहेको |
| | | | | | **१३६९६।-** | |

एकै आर्थिक वर्ष भित्र फरक दरवाट कार्य गराई वढी भुक्तानी रकम असुल हुनुपर्ने रु.

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३.३ | | | **डिपिआर वेगरको काम उपभोक्तालाईः-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५(क) मा सार्वजनिक निकायका प्रमुखले निर्माण कार्य खरिद कार्य गर्नुअघी ऐनको दफा ४ बमोजिम स्पेसिफिकेशन, नक्सा, डिजायन, स्वीकृत गर्नुपर्ने व्यवस्था छ । कार्यालयले DPR स्वीकृत नभएका काम तथा सडक ट्र्याक खोल्ने कार्यको उपभोक्ता समितिसँग सम्झौता गर्नु अघी नै Hard rock, Soft rock, Medium rock समेतको माटोको कटिङ कार्यको मेशिनवाट गराउने गरी उपभोक्ता समितिसँग दररेट सम्झौता गरी कार्य गराउदै कामको नापी गर्न मेशिनवाट कटीङ गरेको कामको Xsectional Drawing वेगर सम्झौता अनुसारकै क्वाटीटी नापी गरी विल तयार गर्दै भुक्तानी गरेको छ । नमूना छनौट गरी परिक्षण गरिएकोमा निम्नानुसारका काममा यस प्रकारवाट कार्य गराई भुक्तानी गरेकोले नियममा भएको व्यवस्था पालना गरेर मात्र कार्य गर्नु पर्दछ । | |

| कामको विवरण | रकम | कैफियत |
|---|---|---|
| वुल्तोखुम गाँउघर किल्निक भवन निर्माण | ६०७६४।- | HR.SR को आइटम वाट जग खन्ने काम |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>बुकुर पर्यटक मार्ग</td><td>६९७०००।-</td><td></td></tr>
<tr><td>चारी कास्की हुदै बोटी</td><td>८५५८२८।-</td><td></td></tr>
<tr><td>जम्मा</td><td>१६१३५९२।-</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>खरिद तथा निर्माण कार्यको अवस्था</td><td></td></tr>
<tr><td>२४.१</td><td></td><td></td><td>कामको अवस्था :- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० मा खरिद सम्झौताको म्याद सम्बन्धी व्यवस्था छ । कार्यालयले वडा नं.५ को भवन निर्माण गर्न निर्माण व्यवसायी गोल्डेन स्टार/मल्टीप्रपोज जेभी सँग रु.७९३६५५०।— मा २०७९।३।३२० सम्म उक्त भवनको निर्माण सम्पादन गर्ने गरी सम्झौता गरेकोमा शुरु सम्झौता अवधी भित्र कुनै कामको विल पेश नभएको साथै स्वीकृत कार्यतालिका वमोजिमको कार्य नगरेकोमा म्याद थप गरेको प्रमाण पेश नभएकोले नियम १२१ वमोजिमको पूर्वनिर्धारित क्षतिपुर्ती लिई वांकी कार्य पुरा गराउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२४.२</td><td></td><td></td><td>DPR फरक गरी कार्य :- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५(क) सार्वजनिक निकायका प्रमुखले निर्माण कार्य खरिद गर्नु अघि स्पेसिफिकेशन, योजना, नक्सा, डिजायन, समेत तयार गरी ऐन बमोजिम स्वीकृत गर्नुपर्ने व्यवस्था छ । कार्यालयले महाकुलुङ चक्रपथ योजनामा विभिन्न कार्य गर्ने गरी DPR (2+100-15+520) तयार गरी स्वीकृत गरेको छ । उक्त योजनामा यो वर्ष प्रदेश समपुरक र गा.पा.समेतको लागतमा (2+000-12+500) भित्रको कामको आइटम समावेश गरी ठेक्का पट्टा भै कार्य शुरु गरेको छ ।यस वर्ष निर्माण व्यवसायी हिम शिखरको कामको रनिङ विल तयार गर्दा तारजालीमा ढुंगा भर्ने काम इस्टिमेट (DPR) मा नरहेको क्षेत्र 7+800 को क्षेत्रमा गराई ९७७ घ.मी को रु.३२,३९,०२३।— भुक्तानी गरेको पाइयो । निर्माण व्यवसायीलाई सुम्पिएको कार्य क्षेत्र भन्दा फरक क्षेत्र (Scope)मा कार्य गराई भुक्तानी गर्नु अघि भेरिएसन गरी कामको कार्यदेश समेत दिएको पाइएन ।<br>इष्टिमेट भन्दा फरक डिजायन र क्षेत्रमा काम :- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ मा भेरिएसन सम्वन्धी व्यवस्था छ । कार्यालयले वचत रकमवाट दोश्रो प्याकेजको कार्य गराउन ठेक्का वन्दोवस्त गरी कार्य गराउदा DPR मा 0+300 मा रहेको १३ मी लम्वाई तथा ६ मि चौडाईको COSWAY रहेको र सोही डिजायन अनुसारको BOQ स्वीकृत गरी ठेक्का वन्दोवस्त गरेकोमा उक्त स्थानमा कार्य गराउदा ९ मि लम्वाई र ७ मि चौडाई मा काम गराई भुक्तानी गरेको छ । साथै 0+640 मा रहेको १० मि लम्वाई को COSWAY समेतलाई अन्य क्षेत्रमा निर्माण गरी कामको भुक्तानी गरेकोछ । इष्टिमेटमा2+400 m रहेको Breast Wall को क्वाटीटी समेत</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | 2+200 मा कार्य गराई रु.३२८६२९१।— भुक्तानी गरेकोमा खरिद नियमावलीको व्यवस्था बमोजिम भेरिएसन स्वीकृत नगरी कार्य गराउदै भक्तानी गरेको छ । | |
| २४.३ | | | **कन्टिन्जेन्सी खर्च** :- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमानमा समावेश भएको ४ प्रतिशत कन्टिन्जेन्सी रकम खर्च गर्दा कार्यविधि स्वीकृत गरी २ प्रतिशत वर्क चार्ज स्टाफ र वाकी २ प्रतिशत अन्य साना तिना काममा खर्च गर्न सकिने व्यवस्था छ । कार्यालयले योजनाहरुको कन्टिन्जेन्सी रकमवाट ६ थान मोवाइल सेट खरिद गरी रु.१८००००।— खर्च गरेको छ । खरिद गरिएका मोवाईल २०७९।५।२२ सम्म स्टोर मै मौज्दात समेत देखिएकोले कन्टिन्जेन्सी रकम तोकिएको कार्यमा मात्र खर्च गर्नुपर्दछ । | |
| २४.४ | | | **कार्यविधि विपरित ठेकका र भुक्तानी** :- प्रदेश समपुरक अनुदान कार्यविधि निर्देशिका २०७७ मा प्रदेश समपुरक अनुदानवाट संचालन हुने योजना कार्यक्रमको वजेटवाट ठेक्कापट्टा गरी सम्झौता भएपछी वचत रकमवाट थप ठेक्का पट्टा गर्न नहुने व्यवस्था छ । कार्यालयले यस वर्ष प्राप्त महाकुलुङ चक्रपथ योजनाको वजेटवाट रकम वचत रहेको उल्लेख गरी पुन रु.५८१०७९८।— को लागत अनुमान तयार गरी रु.४५,९७०७८।— मा ठेक्का वन्दोवस्त गरी खर्च गरेको पाइयो । पालिकालाई समपुरकवाट रु. १ करोड प्राप्त भएको र पालिकाको ३० प्रतिशत थप देखाई ठेक्का पट्टा शुरु गरेकोमा पहिलो ठेक्का रु.७१,९८०००।- मा भई सकेपछी रु.२८ लाख वचत हुने देखाई दोश्रो ठेक्काको कार्य गराएको छ ।दोश्रो ठेक्काको अवधी २०७९।३।२५ रहेकोमा उक्त अवधिमा कार्य सम्पन्न नभई पछिल्लो वर्षको लागि दायित्व सृजना गरेको पाइयो । कार्यविधिमा तोके वमोजिम मात्र ठेक्का पट्टा गरी रकम खर्च गर्नुपर्दछ । | |
| २४.५ | | | **गुणस्तर परिक्षण** :- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा निर्माण व्यवसायीले गरेको काम स्वीकृत स्टाण्डर्ड स्पेसिफिकेशन अनुसार भए नभएको गुणस्तर परिक्षण गराएर मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।वडा नं.४ को वडा भवन निर्माण कार्य गर्ने निर्माण व्यवसायी वासु/चण्डेश्वरी जे.भीलाई प्रथम रनिङ विल वापत रु.३३,४४७८४।— कामको नापजाँच गरी विल भुक्तानी गरेकोमा भवन निर्माण प्रयोग गरिएका डण्डी तथा कंक्रिट समेतको गुणस्तर परिक्षण गराएको प्रमाण पेश नगरेको र आधारभुत अस्पताल निर्माण गर्ने निर्माण व्यवसायी लुम्विनी खानी जे.भीलाई १:४ मेशिनरी वाल वापत रु.९१,२४९२०।— भुक्तानी गरेकोमा समेत गुणस्तर परिक्षण रिपोर्ट वेगर भक्तानी गरेको पाइयो । निर्माण सामाग्रीको स्पेसिफिकेशन अनुसार गुणस्तर परिक्षण गराएर मात्र भुक्तानी गर्नुपर्दछ । | |
| २४.६ | | | **कामको नापी र भुक्तानी** :- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा रनिङ विलको भुक्तानी गर्दा वास्तविक सम्पन्न | १३५,०५७.६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कामको नापी कितावमा प्रमाणित नापजाँच अनुसारको कामको मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।आधारभुत अस्पताल निर्माण गर्ने निर्माण व्यवसायी लुम्विनी/खानी जे.भी को रनिङ विल तयार गरी भुक्तानी गर्दा BOQ मा रहेको Site Surface Preparation को कार्य परिमाण 3859.60sqm रहेकोमा उक्त कामको नापी गरी विल तयार गर्दा घन मी मा परिमाण कायम गरी विलको भुक्तानी गर्दा २३६५ घ.मी तर्फ समावेश गरी भुक्तानी गरेकोले बढी भुक्तानी दिएको मु.अ.कर थप सहितको रु.१३५०५७.६० असुल हुनुपर्ने रु. | |
| २४.७ | | | **कर विजक** : मु.अ.कर ऐन २०५२ तथा नियमावली २०५३ बमोजिम करमा दर्ता विक्रेताले प्रथम आर्थिक वर्षमा सिलसिलेवार नम्बर सहितको कर विजक जारी गर्नुपर्ने व्यवस्था छ । लुम्विनी/खानी जे.भी आधारभुत अस्पताल निर्माण कार्य गर्न छनौट भै मु.अ.कर मा दर्ता भएको र यस वर्ष प्रथम रनिङ लको भुक्तानी लिदा सि.नं.१ वाट कर विजक जारी गरेकोमा दोश्रो रनिङ विलमा सि.नं.३ वाट मु.अ.कर वापत रु.४५३०३७।- थप भुक्तानी लिएकोले उक्त रकमको कर समायोजन प्रमाण पेश हुनुपर्ने रु. | ४५३,०३७ |
| २५ | | | **बढी भुक्तानी**<br>सामजिक सुरक्षा भत्ता वितरण कार्याविधि २०७७ को बुदा नं ९ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको योग्यता सम्बन्धमा व्यावस्था रहेको छ । साथै सामाजिक सुरक्षा नियमावली २०७६ को नियम १३ मा सामाजिक सुरक्षा पाईरहेका व्याक्तिको नाम हटाउने र उपनियम ४ मा ऐन विपरित हुने गरि भत्ता लिएको पाईएमा सरकारी बाँकी सरह असुल गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले पेश गरेको लगत कट्टा विवरण र रिवर्स फिड लाई आधार मानी परिक्षण गर्दा निम्नुसनरको लाभग्राहीलाई पाउने रकम भन्दा बढी रकम भुक्तानी दिएको देखिन आएकाले थप छानविन गरि असुल गर्नुपर्ने रु २८८१२१ | ३५७,१६२.५९ |

| लाभग्राहीको नाम | मृत्यु मिति/लगत कट्टा मिति | किस्ताअनुसार भुक्तानी रु | | | | भुक्तानी भएको रु | भुक्तानी हुनुपर्ने रु | बढी भुक्तानी रु |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रथम | दास्रो | तृतीय | चतुर्थ | | | |
| sanchamaya kulung | 9/13/2078 | 12000 | 12000 | 12000 | 12000 | 48000 | 21732 | 26268 |
| Bhimlachhi Rai | 2/7/2079 | 12000 | 12000 | 12000 | 12000 | 48000 | 44933.41 | 3066.59 |
| chandramani rai | 6/10/7078 | 12000 | 12000 | 12000 | 12000 | 48000 | 9333 | 38667 |
| yujan Kulung | 12/30/2078 | 11970 | 11970 | 11970 | 11970 | 47880 | 35910 | 11970 |
| wangchhu sherpa | 12/30/2078 | 12000 | 12000 | 12000 | 12000 | 48000 | 36000 | 12000 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>sarki dhani rai</td><td>6/29/2078</td><td>12000</td><td>12000</td><td>12000</td><td>12000</td><td>48000</td><td>11867</td><td>36133</td></tr>
<tr><td>dhana hasta rai</td><td>6/10/2078</td><td>12000</td><td>4552</td><td>0</td><td>0</td><td>16552</td><td>9333</td><td>7219</td></tr>
<tr><td>chhewal nurbu sherpa</td><td>6/10/2078</td><td>9333</td><td>0</td><td>0</td><td>0</td><td>9333</td><td>9333</td><td>0</td></tr>
<tr><td>dakipa sherpa</td><td>4/1/2078</td><td>12000</td><td>12000</td><td>12000</td><td>12000</td><td>48000</td><td>0</td><td>48000</td></tr>
<tr><td>parba bahadur rai</td><td>3/10/2078</td><td>12000</td><td>12000</td><td>12000</td><td>12000</td><td>48000</td><td>0</td><td>48000</td></tr>
<tr><td>jin sukha rai</td><td>9/6/2078</td><td>7980</td><td>7980</td><td>7980</td><td>7980</td><td>31920</td><td>10374</td><td>21546</td></tr>
<tr><td>krishna bahadur rai</td><td>12/29/2078</td><td>6384</td><td>6384</td><td>6384</td><td>6384</td><td>25536</td><td>14310</td><td>11226</td></tr>
<tr><td>jasdhani rai kulung</td><td>5/28/2078</td><td>12000</td><td>12000</td><td>12000</td><td>12000</td><td>48000</td><td>7733</td><td>40267</td></tr>
<tr><td>bhakta bahadur rai</td><td>11/21/2078</td><td>12000</td><td>12000</td><td>12000</td><td>12000</td><td>48000</td><td>34800</td><td>13200</td></tr>
<tr><td>ramri maya rai kulung</td><td>10/12/2078</td><td>12000</td><td>12000</td><td>12000</td><td>12000</td><td>48000</td><td>25600</td><td>22400</td></tr>
<tr><td>Arimani rai</td><td>11/21/2078</td><td>12000</td><td>12000</td><td>12000</td><td>12000</td><td>48000</td><td>30800</td><td>17200</td></tr>
<tr><td colspan="8">जम्मा रु</td><td>357162.59</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>
पेश्की बाँकि<br>
सामाजिक सुरक्षा भत्ता वितरण गर्न लगेको पेश्की रकम तोकिएको समयमा नै फछ्र्यौट गर्नुपर्दछ । पालिकाले एभरेष्ट बैंक लाई सामाजिक सुरक्षा भत्ता वितरण गर्न उपलब्ध गराएको पेश्की रकममध्ये आर्थिक वर्षको अन्त्य सम्म पनि पुरै फछ्र्यौट नगरी केही रकम बाँकी रहेको देखियो । यसरी लेखापरीक्षण अवधीसम्म फछ्र्यौट नभएको निम्नानुसारको पेश्की रकम सम्बन्धित बैंकबाट असुल गरी बेरुजु खातामा दाखिला गर्नुपर्ने रु
<table>
<tr><td>जम्मा निकाशा</td><td>रकम वितरण</td><td>व्याज आम्दानी</td><td>फिर्ता रकम</td><td>बाँकि रकम</td></tr>
</table>
</td><td>५९,७८३.७९</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>३५०२१४६४</td><td>३४८३०११२</td><td>२०२७।७९</td><td>१३३५९६</td><td>५९७८३।७९</td></tr></table></td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>कार्यविधि पालना<br>सामाजिक सुरक्षा भत्ता वितरण : सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को प्रावधान बमोजिम गर्नुपर्दछ । सामाजिक सुरक्षा कार्यक्रममा यस वर्ष रु ३५०२१३६४ ।- खर्च भएकोमा देखिएका व्यहोराहरु निम्न अनुसार छन् ।<br>१. कार्यविधिको बुँदा नं. २८ अनुसार प्रत्येक पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङ्कन तथा सुपरिवेक्षण गर्न उपाध्यक्षको संयोजकत्वमा ७ सदस्यीय अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरी सोही अनुरुप अनुगमन मुल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नु पर्दछ। साथै बुँदा नं. ३५ अनुसार वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाइ गर्नुपर्ने, सार्वजनिक सुनुवाइमा प्राप्त गुनासा तथा सुझावमध्ये आफूले सुधार गर्न सक्ने कुरा सम्बोधन गरी सुधार गर्न नसक्ने खालका सुझाव तथा गुनासाहरु सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा पठाउनुपर्ने उल्लेख छ । वडा कार्यालयहरुमा सार्वजनिक सुनुवाइ भएको र गुनासा सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा पठाएको प्रमाण पेश हुन आएन । साथै निर्देशिका अनुरुप समिति गठन गरी अनुगमन गरेको समेत पाइएन । तसर्थ कार्यविधिको पालनामा ध्यान पुर्याउँनु पर्दछ ।<br>२. कार्यविधिमा लाभग्राहीको नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायम हुने लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फाल्गुन मसान्त भित्र व्यवस्थापन सुचना प्रणालीमा अनिवार्य रुपमा प्रविष्टी गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले सो अनुसार नगरी लाभग्राहीको साबिककै विवरण र वडाको माग बमोजिम सिधै सामाजिक सुरक्षा भत्ता वितरण गरेको पाइयो । साथै कार्यालयले तोकिएको ढाँचामा फोटो सहित नागरिकता नम्बर उल्लेख गरी लाभग्राहीको अभिलेख राखेको पाइएन । यसले गर्दा वितरित रकम सहि हो भनी एकिन गर्न सकिएन ।<br>३. सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि-२०७५ को परिच्छेद ४ को बुँदा नं १५ मा अद्यावधिक एम=आई=एस लगतका आधारमा भत्ता रकम निकासा गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाबाट प्राप्त एम=आई=एस विवरणको मूल अभिलेखको परीक्षण गर्दा केही लाभग्राहीको नागरिकता प्रमाण पत्र नं नभएको, ना=प्र=नं दोहोरिएको वा सो भन्दा बढी रहेको, ना=प्र=नं जारी मिति उल्लेख नगरेको, लाभग्राहीको बाबु, आमा, बाजेको नाम उल्लेख नगरेको, नाम दोहोरो रहेकोसमेत देखिएकोले मृत्यु भै सकेका सबै लाभग्राहीहरुको लगत कट्टा भए नभएको यकिन गर्न सकिएन । एम=आई=एस विवरण अद्यावधिक नहुँदा एकै नामथर भएको व्यक्तिलाईदोहोरो भत्ता</td><td>९६,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
जान सक्ने, मृत्यु भै सकेकालाई भत्ता भुक्तानी हुन सक्ने जोखिम रहेको हुँदा पालिकाले एम=आई=एस लगत अद्यावधिक गरेरमात्र भत्ता वितरण सम्बन्धी कार्य गर्नु पर्दछ ।<br>
४. सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधी, २०७५ अनुसार स्थानीय तहले सामाजिक सुरक्षा भत्ता उपभोग गर्न इच्छुक र योग्य नागरीकले तोकिएको मितीमा वडा कार्यालयले अनुसुची-३ र ४ बमोजिमको ढाँचामा दरखास्त फारम आहवान गरी नाम दर्ता र नवीकरण गर्ने व्यवस्था छ । कार्यालयले कार्यविधिको पालना गरी तत् सम्बन्धि कार्य नगरेको हुँदा लाभग्राहीको सख्या यकिन गर्नसकिएन।<br>
तपसिल बमोजिमको सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुलाई वितरण गरेको सामाजिक सुरक्षा भत्ताको भर्पाइ परीक्षण गर्दा लाभग्राहीहरुको नागरिकता नं. एकै रहेको देखिएकोले ती लाभग्राही फरक हुन् वा एकै हुन् यकिन हुन नसकेकोले कार्यालयले यकिन गरी दोहोरो देखिएमा असुल हुनुपर्ने रु.
<table>
<tr><th rowspan="2">लाभग्राहीको नाम</th><th rowspan="2">परिचयपत्र नं.</th><th rowspan="2">नागरिकता नं.</th><th rowspan="2">वडा नम्बर</th><th></th><th colspan="3">भुक्तानी किस्ताअनुसार रु</th><th rowspan="2">जम्मा निकासा</th><th rowspan="2">बढी निकासा</th></tr>
<tr><th>प्रथम</th><th>दोस्रो</th><th>तृतीय</th><th>चतुर्थ</th></tr>
<tr><td>Harkimaya B.K.</td><td>1995123164949</td><td>11300416</td><td>३</td><td>12000</td><td>12000</td><td>12000</td><td>12000</td><td>48000</td><td rowspan="2">48000</td></tr>
<tr><td>Uttardhani Rai</td><td>1993010201346</td><td>11300416</td><td>३</td><td>12000</td><td>12000</td><td>12000</td><td>12000</td><td>48000</td></tr>
<tr><td>Kanchhi Mani Rai</td><td>2007092600093</td><td>113007/103</td><td>१</td><td>12000</td><td>12000</td><td>12000</td><td>12000</td><td>48000</td><td rowspan="2">48000</td></tr>
<tr><td>Kanchi Mani Rai</td><td>2007092600918</td><td>113007103</td><td>१</td><td>12000</td><td>12000</td><td>12000</td><td>12000</td><td>48000</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>
समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ताः<br>
अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ ।पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका ४१ शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.१०४५६९६० तलब भत्ता भुक्तानी गरेको पाईयो ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९ | | | **निबृतिभरण कोषः**<br>मिति २०७६ श्रावण देखि नियुक्ति हुने कर्मचारीको हकमा निजको तलबबाट ६ प्रतिशत कट्टा गरी सोही बराबर थप गरी योगदानमा आधारीत निवृत्तिभरण कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले १३ जना कर्मचारीहरुको मिति २०७६ देखि २०७७ मंशिर महिना सम्मको छुट रकम उल्लेख गरि चैत महिनको पेरोल वाट रु ४९२३८२ निबृतिभरण कोषमा कट्टि गरेको पाइयो। | |
| ३० | | | **मू अ कर मा दर्ता नभएको संग खरिदः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९(२)(१क) मा सार्वजनिक निकायले रु.बीस हजार भन्दा बढीको कुनै खरिद गर्दा मू.अ.करमा दर्ता भएको व्यक्ति,फर्म, संस्था वा कम्पनिबाट गर्नुपर्ने व्यवस्था रहेको छ।पालिकाले निम्नानुसार खरिद गर्दा मू अ कर मा दर्ता नभएको फर्म/संस्था संग खरिद गरेको रकम अनियमित रु. | ३६०,२०० |

| भौचर नं र मिति | फर्म को नाम | विवरण | रकम |
|---|---|---|---|
| २७४।२०७९।३।१६ | उमेश टेलर्स एण्ड कपडा पसल | ५० थान फाइवर सिरक खरिद | १११००० |
| २७४।२०७९।३।१६ | | ५८ थान सिरक खरिद | १२८४०० |
| २७६।२०७९।३।१६ | ज्वालामाइ अर्डर एण्ड सप्लायर्स | छाता टर्च लाइट खरिद | १२०८०० |
| जम्मा | | | ३६०२०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३१ | | | **फरक खर्च शिर्षकः**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को नियम ७२(२) मा गाँउपालिका तथा नगरपालीकाले नेपाल सरकारले निर्धारण गरेवमोजिमको आय र व्ययको बर्गिकरण तथा खर्च शिर्षक सम्वन्धी व्यवस्था अवलम्वन गर्नुपर्ने र दफा ७३( ७ )मा कार्यपालिकाले सभावाट स्विकृत सिमा र शिर्षक वाहिर गई बजेट खर्च गर्न पउने छैन भन्ने व्यवस्था छ। पालिकोले निम्नानुसार फरक खर्च शिर्षक वाट भुक्तानी भएको अनियमित रु. | १,०४०,८४९ |

| भौचर नं र मिति | विवरण | खर्च लेख्नुपर्ने शिर्षक | खर्च लेखेको शिर्षक | रकम |
|---|---|---|---|---|

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | ३४०।२०७९।३।२२ | सुचना प्रकाशन खर्च | छपाइ तथा सुचना प्रकाशन | संचार महशुल | ५००० | |
| | | | ३१६।२०७९।३।१९ | सुचना प्रकाशन खर्च | छपाइ तथा सुचना प्रकाशन | संचार महशुल | ९००० | |
| | | | ३७९।२०७९।३।२४ | सुचना प्रकाशन खर्च | छपाइ तथा सुचना प्रकाशन | संचार महशुल | १०००० | |
| | | | ८९।२०७८।९।२२ | गाडि भाडा भुक्तानी | सवारी साधन भाडा | मसलन्द तथा कार्यालय सामाग्रि | १८००० | |
| | | | १९६।२०७९।१।११ | मोटर साइकल मर्मत | सवारी साधन मर्मत | मेशिन औजार मर्मत | ६३५० | |
| | | | १९६।२०७९।१।११ | घर भाढा भुक्तानी | भाडा | मसलन्द तथा कार्यालय सामाग्रि | २२००० | |
| | | | ३६१।२०७९।३।२३ | सुचना प्रकाशन खर्च | छपाइ तथा सुचना प्रकाशन | संचार महशुल | १०००० | |
| | | | १९५।२०७९।१।९ | मोटर साइकल मर्मत | सवारी साधन मर्मत | मेशिन औजार मर्मत | १८९०० | |
| | | | ३५३।२०७८।३।२२ | सुचना प्रकाशन खर्च | छपाइ तथा सुचना प्रकाशन | मसलन्द तथा कार्यालय सामाग्रि | १९००० | |
| | | | ३५३।२०७९।३।२२ | बैठक भत्ता भुक्तानी | बैठक भत्ता | मसलन्द तथा कार्यालय सामाग्रि | १२००० | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३५३।२०७९।३।२२</td><td>भ्रमण खर्च भुक्तानी</td><td>भ्रमण खर्च</td><td>मसलन्द तथा कार्यालय सामाग्रि</td><td>८०००</td></tr>
<tr><td>२९९।२०७९।३।१९</td><td>मोटर साइकल मर्मत</td><td>सवारी साधन मर्मत</td><td>मेशिन औजार मर्मत</td><td>१३०००</td></tr>
<tr><td>११।२०७८।६।१५</td><td>चाडपर्व खर्च भुक्तानी</td><td>पारिश्रमिक कर्मचारी</td><td>अन्य भत्ता</td><td>६७१३०८</td></tr>
<tr><td>१८०।२०७९।१।४</td><td>इन्टरनेटको विल भुक्तानी</td><td>संचार महशुल</td><td>मसलन्द तथा कार्यालय सामाग्रि</td><td>२८०९१</td></tr>
<tr><td>१७१।२०७८।१२।३०</td><td>कक्षा ८ को परिक्षा संचालन खर्च</td><td>कार्यक्रम खर्च</td><td>विविध</td><td>८५०००</td></tr>
<tr><td>२१०।२०७९।२।१०</td><td>कक्षा ८ को परिक्षा संचालन खर्च</td><td>कार्यक्रम खर्च</td><td>विविध</td><td>१०५२००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>१०४०८४९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>
वितरणमुखी कार्यक्रमः<br>
स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ मा स्थानिय तहले योजना बनाउद उत्पादन मुलक, आर्थिक विकास तथा गरिवि निवारणमा प्रत्यक्ष योगदान पुग्ने, जनताको जिवनस्तर आम्दानी र रोजगारी वढनेजस्ता योजनालाइ प्राथमिकता दिनुपर्ने उल्लेख छ।पालिकाले वडा तर्फ संचालन गरेका निम्न लक्षित कार्यक्रम हरु उत्पादन मुलक नभइ वितरणमुखी रहेको पाइयो।अतः उत्पादन मुलक शिपमुलक आय आर्जन वढाउने किसिमका कार्यक्रम लाइ प्राथमिकता दिनु उचित देखिन्छ।
<table>
<tr><th>वडा नं</th><th>कार्यक्रम</th><th>कृयाकलाप</th><th>रकम</th></tr>
<tr><td>१</td><td>जेष्ठ नागरिक,दलित, अपाङग लक्षित कार्यक्रम</td><td>चामल , भाँडाकुडा सिरक सिरानी वितरण</td><td>२०००००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>जेष्ठ नागरिक, दलित, महिला लक्षित कार्यक्रम</td><td>सिरक लगायत सामाग्रि वितरण</td><td>३९८८९४</td></tr>
<tr><td>३</td><td>जेष्ठ नागरिक, दलित महिला लक्षित कार्यक्रम</td><td>छाता , टर्च लाइट वितरण</td><td>३३६१६०</td></tr>
<tr><td>४</td><td>जेष्ठ नागरिक, जनजाती , वालवालिका , महिला लक्षित कार्यक्रम</td><td>कम्वल, ज्याकेट, सिरक, दोसल्ला ,कापि कलम वितरण</td><td>३०००००</td></tr>
<tr><td>५</td><td>जनजाति ,आदिवासि ,अपाङग लक्षित कार्यक्रम</td><td>चामल ,भाडाकुडा वितरण</td><td>१९२४४०</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>१४२७४९४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>पारिश्रमिक कर<br>आयकर ऐन २०५८ को दफा ८९ ले अनुसुचि १ वमोजिमको वार्षिक आयको गणना गरी पारीश्रमिक कट्टा गर्नुपर्ने व्यवस्था गरेको छ । गाउँपालिका अन्तरगत सञ्चालित सामुदायिक विलालयमा कार्यरत शिक्षकहरुको तलब भत्ता भुक्तानी गर्दा पारीश्रमिक कर गणना गरी कट्टा गर्नुपर्नेमा गरेको पाइएन । करकट्टी नभएको तपशिल वमोजिमको पारीश्रमिक कर असुल गर्नुपर्ने रु.
<table>
<tr><td>विवरण</td><td>करयोग्य आय</td><td>दाखिला बाँकि कर</td></tr>
<tr><td>सञ्जय खत्री</td><td>१४८७८७०</td><td>१४२७१८।४</td></tr>
</table>
</td><td>१४२,७१८.४</td></tr>
<tr><td>३४</td><td></td><td></td><td>औषधी तथा स्वास्थ्य सामाग्री वितरणको अवस्था<br>कार्यालयलाई प्राप्त रकमबाट औषधी तथा स्वास्थ्य सामाग्री खरिद गर्दा बार्षिक अनुमान समेत तयार गरि सोही आधारमा खरिद तथा वितरण गर्नुपर्ने व्यवस्था छ । कार्यालयले औषधी तथा अन्य स्वास्थ्य सामाग्रीको प्राप्ति, वितरण र मौज्दातको अभिलेख स्पषट रुपमा अद्यावधिक गरेको देखिएन, खरिद गरेर PAMS मा Entry गरिएका औषधीहरुको म्याद समाप्त हुने मिति तथा स्पेशिफिकेशन खुलाई सफ्टवेयरमा आम्दानी तथा खर्च गरेको देखिएन । कार्यालयले औषधी तथा अन्य स्वास्थ्य सामाग्रीको प्राप्ति, वितरण र मौज्दातको अभिलेख स्पषट रुपमा अद्यावधिक गरि औषधीहरुको म्याद समाप्त हुने मिति तथा स्पेशिफिकेशन खुलाई सफ्टवेयरमा आम्दानी तथा खर्च स्पष्ट रुपमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट स्विकृत सफ्टवेयर ELMIS मा अद्यावधिक गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५ | | | **औषधी वितरण**<br>पालिका अन्त्रगत रहेका स्वास्थ्य चौकि, सामुदायिक अस्पताल र स्वास्थ्य ईकाइमा विभिन्न समयमा स्वास्थ्य सामाग्री तथा औषधीहरु वितरण गरेको उल्लेख गरि स्टोरबाट मौज्दात घटाउने गरेको पाईयाे, कार्यालयले विभिन्न समयमा स्वास्थ्य सामाग्री तथा औषधीहरु वितरण गर्दा विभिन्न कर्मचारीलाई बुझाएको आधारमा स्टक मौज्दात घटाएको पाईयाे । मौज्दातबाट घटाएको औषधी सम्बन्धित स्वास्थ्य संस्थाले आफ्नो स्टोरमा दाखिला गरी हस्तान्तरण फारम फिर्ता गरेको अभिलेख रहेको पाईएन । तसर्थ कार्यालयले यसतर्फ सुधार गर्नुपर्दछ । | |
| ३६ | | | **खर्चको पुष्ट्याई**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९.५ बमोजिम कार्यालयले स्वीकृत बजेट खर्च गर्दा खर्चलाई पुष्ट्याई गर्ने प्रमाण कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्दछ । गाउँपालिकाले देहायको विवरण अनुसार गरेका खर्चलाई पुष्ट्याई गर्ने प्रमाण कागजात संलग्न नगरी खर्च लेखेको देखियो । तसर्थ सो को प्रमाण पेश गर्नुपर्ने रकम रु<br>भौ न र मिति: १४४, २०७९।०३।२३ \| विवरण: न्यानो झोला खरिद \| रकम: १९८८८० \| कैफियत: न्यानो झोला वितरणको कुनै भर्पाई संलग्न रहेको छैन, सो को यकिन गर्नुपर्ने । | १९८,८८० |
| ३७ | | | **अनुदान कार्यान्वयन स्थिति** | |
| ३७.१ | | | **निरन्तरता अनुदान :-** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअलको ४.१.५ मा पकेट संख्या र संचालन अवधी सम्वन्धी व्यवस्था छ । स्थानीय तहले स्थानीय सम्भाव्यताको आधारमा २ वर्ष पछि मात्र पकेटहरुलाई निरन्तरता दिन सक्ने व्यवस्था भएकोमा गत वर्ष वाखाको पकेट कार्यक्रममा छनौट गरी अनुदान उपलब्ध गराएको व्यक्तिगत फर्म मिडकेयर कृषि तथा पशुपालन फर्मलाई यो वर्ष सोही फर्मबाट थप ४०।४० वटा वाखा खरिदको विजक समावेश गरी रु.६५०,२६०।— रकम भुक्तानी गरेकोमा उक्त फर्म अन्य सदस्यलाई वाखा वितरण गरेको देखाएकोमा फर्मका प्रोप्राइटर विवस्चन्द्र राईले यो वर्ष समेत २ वटा वाखा पाठी आफैले बुझिलिएको दोहोरो अनुदान लिएको रु.८०,०००।— सम्बन्धमा पुन यकिन गरी उक्त रकम असुल हुनुपर्ने रु.८०,०००।— | ८०,००० |
| ३७.२ | | | **कार्यविधि पालना :-** प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यान्वयन | ४१४,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | म्यानुअल को ४.१.४. मा पकेट कार्यक्रम संचालन गर्दा आवश्यक क्षेत्रफल/संख्याको न्यूनतम आधार तोकिएको छ । कार्यालयले वाख्रा तथा सून्तला जात फलफूलको पकेट कार्यक्रम संचालन गरी निम्नानुसार रकम खर्च गरेकव पाइयो । | |

| | |
|---|---|
| नयाँ वाख्रा पकेट | १४००,०००। |
| गत वर्षको निरन्तरता | ७०००००।- |
| सून्तालाजात फलफुल | ६०००००।- |

उपरोक्तानुसारका पकेट कार्यक्रमको लागि रकम खर्च गर्नु अघि कार्यविधिमा तोकिए वमोजिम वाख्रा पकेट संचालन गर्दा हिमाली जिल्ला (सोलुखुम्बु) न्यूनतम ६०० वटा वाख्रा हुनुपर्ने साथै सुन्तला जात फलफूलको लागि ५ हेक्टर क्षेत्रफल सहित तोकिएको न्यूनतम आधार पुरा गरेको सम्बन्धमा निश्चित गरको फिल्ड भेरिएसनको प्रमाण पेश भएन । परियोजनावाट अनुदान प्राप्त गर्ने संस्था सम्वन्धित काम गर्ने उद्देश्य ले PAN मा दर्ता भएको हुनुपर्ने व्यवस्था रहेता पनि सुन्तला जात पकेट कार्यक्रमबाट दाजुभाई कफि मिश्रित समुहका १२ अन्य समूहको लागि १२४९५००।— को परियोजना प्रस्ताव पेश गरेकोमा लागत वाडफाडमा निम्नानुसार देखियो ।

| आइटम | परिमाण | रकम | कार्यक्रमवाट व्यहोरिने |
|---|---|---|---|
| सुन्तला विरुवा | १५०० वटा | | |
| मल (गोवर) | ४५०० के.जी | ३६०,००० | १८०,०००।- |
| **जनमुखी कृषि समुह** | | | |
| सुन्तला विरुवा | - | १९५० | ९७५००।- |
| गोवर मल | ५८५०० के.जी. | - | २३४०००।- |

उपरोक्तानुसारका समुहहरुलाई सुन्तलाजात क्षेत्रफल पकेटको लागि छनौट गरी अनुदान रकम भुक्तानी गर्दा दाजुभाई मिश्रीत कफि समुहले गोवर मलमा रु.७५०००।— प्रस्ताव गरेकोमा सो प्रस्ताव संसोधन गरी ५८५०० के.जीको रु.३६००००।— पुर्याएको समेत देखियो । एक वटा सुन्तला विरुवाको रोपणको लागि दुवै समुहमा प्रति खाल्डो ३० केजीका दरले गोवरमलको परिमाणवाट

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | खपत द खाई अनुदान खर्च गरेकोले विरुवा रोपण सम्बन्धी स्वीकृत नर्मस भन्दा फरक गरी अनुदान भुक्तानी गरेको सम्बन्धमा पुन यकिन गर्नुपर्दछ । नर्मस वाट मलको पिरमाण पुष्टि नभएमा रकम फिर्ता लिई संघिय संचितकोष दाखिला हुनुपर्ने रु. | |
| ३७.३ | | | वाखा पकेट कार्यक्रममा सहभागि हुने संस्था कानून वमोजिम PAN मा दर्ता भएको हुनुपर्ने कार्यक्रम संचालन कार्यविधिमा रहेको भएता पनि पैरवी एकिकृत पशुपालन तथा दुध उत्पादन समुह PAN मा दर्ता भएको पाइएन । प्रस्ताव गर्ने समुहले पेश गरेको लागत रु.३००००००।- को आधारमा समुहको हुनुपर्ने व्यवस्था भएता पनि परियोजना प्रस्तावको आधारमा पकेट तर्फ छनौट गरी रु.१४०००००।— अनुदान उपलब्ध गराएकोमा परियोजनामा संस्थाले व्यहोर्ने रकमको श्रोत वैंकमा नदेखाएको, प्रस्तावमा १०० प्रतिशत वोयर वोका, ६० प्रतिशत वोयर जातको पाठी, ढुवानी, र वीमा समेतको कृयाकलापमा रकम छुट्याई प्रस्ताव पेश गरेको छ । उक्त समहले अनुदान प्राप्त गर्न वडा नं.१ का १७ जना मध्ये ५ जनालाई २।२ वटा र अन्यलाई १।१ वटा वोका वितरण गरेको छ । रामेछाप जिल्ला स्थित फर्मवाट खरिद गरेकोमा वाखाको नश्ल प्रतिशत प्रमाणित नभएको, वोयर वोका, ३ व६को खरिद मुल्य रु.७५००००।— तथा ४९ वटा अन्य वाखाको ६० प्रतिशत वोयर उल्लेख गरी रु.१९४२५६०।— मा खरिद गरेको विजक समावेश गरेको पाइयो । कार्यक्रम संचालन म्यानुअल अनुसार पशु नश्ल तर्फको कार्यक्रममा कृषक छनौट, श्रोतकेन्द्रको पहिचान, नियमित अनुगमन तथा प्रतिवेदन समेत तयार गर्नुपर्ने गरी तोकिएकोमा प्रस्तावमा श्रोत केन्द्र नतोकिएको, न्शल (वोयर जातको) प्रतिशत प्रमाणित नभएक, संस्था PAN मा दर्ता नभएको र कार्यक्षेत्रको अनुगमन प्रतिवेदन समेत तयार नगरेको देखिएकोले छनौट गरिएको संस्थाले लिएको अनुदानवाट परियोजना प्रस्ताव अनुसार अन्तत नश्ल(वोयर वोका १००% र पाठी ६० प्रतिशत) रहे नरहेको सम्बन्धमा पुन यकिन गरी सो को प्रमाण पेश हुनुपर्ने रु. | १,४००,००० |
| ३८ | | | **विद्यालयगत निकासा रजिष्ट्रार**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरी अभिलेख राखु पर्नेमा यथार्थ विवरण खुल्ने गरी विद्यालयगत निकासा अभिलेख राखेको छैन । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा रजिष्ट्रर खाता अद्यावधिक गरी राख्नुपर्दछ । | |
| ३९ | | | **पारिश्रमिक कर** | १३४,२३९.१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आयकर ऐन २०५८ को दफा ८९ ले अनुसुचि १ वमोजिमको वार्षिक आयको गणना गरी पारीश्रमिक कट्टा गर्नुपर्ने व्यवस्था गरेको छ । गाउँपालिका अन्तरगत सञ्चालित सामुदायिक विलालयमा कार्यरत शिक्षकहरुको तलब भत्ता भुक्तानी गर्दा पारीश्रमिक कर गणना गरी कट्टा गर्नुपर्नेमा गरेको पाइएन । करकट्टी नभएको तपशिल वमोजिमको पारीश्रमिक कर असुल गर्नुपर्ने रु. | |

| शिक्षक | दाखिला बाँकि कर |
|---|---|
| पस्त बहादुर राई | 2645.71 |
| छलकराम राई | 5085.35 |
| लव कुमार राई | 8075.47 |
| यमुनाथ राई | 2645.71 |
| रामशरण चौधरी | 8287 |
| शिवशंकर चौधरी | 8287 |
| बिनोद कुमार यादव | 8287 |
| टीकाराम राई | 3562.08 |
| गुरु प्रसाद राई | 15121.3 |
| चन्द्रकुमार राई | 3562.08 |
| यादव कुमार आचार्या | 8287 |
| देपेन्द्र कुलुङ | 8287 |
| राजकिशोर मण्डल | 8287 |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>खड्ग बहादुर बस्नेत</td><td>3562.08</td></tr>
<tr><td>जनक बहादुर बस्नेत</td><td>2645.71</td></tr>
<tr><td>डम्बर बहादुर बस्नेत</td><td>3562.08</td></tr>
<tr><td>खड्ग बहादुर राई</td><td>1457.45</td></tr>
<tr><td>विन्दीलाल शाह</td><td>2645.71</td></tr>
<tr><td>मोतिराम बस्नेत</td><td>5085.35</td></tr>
<tr><td>धनपति ढकाल</td><td>8287</td></tr>
<tr><td>इन्द्र कुमार राई</td><td>8287</td></tr>
<tr><td>दया शंकर भूल</td><td>8287</td></tr>
<tr><td>जम्मा</td><td>134239.1</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>ICT स्थापना<br>शिक्षण सिकाईमा ICT : कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को बुदा नं २।७।१३।१३ मा विद्यालयमा शैक्षिक गुणस्तर सुद्धिणिकरणको लागि छनौट भएको विद्यालयमा शिक्षण सिकाईमा ICT योजना वापत ६५०००० अनुदान वितरण गर्न सकिने व्यवस्था गरेको छ । गाउँपालिकाले उक्त अनुदानको लागि बासुकि आ.वि. छनौट गरी उक्त अनुदान वितरण गरेको देखियो । कार्यक्रम कार्यान्वयन पुस्तिकाले त्यसरी प्राप्त अनुदानबाट नमुना विद्यालय व्यावस्थापन निर्देशिका २०७४ मा उल्लेखित तत्कालिन रुपमा शैक्षिक सुधार हुने क्रियाकलाप निर्धारण गरि शैक्षिक पूर्वाधार स्थापना एवम् खरिदकार्यमा सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रक्रिया पूरा गरेर मात्र खरिद गर्नुपर्ने व्यवस्था गरेको छ। विद्यालयले विभिन्न सामाग्रीहरु खरिद गरी जिन्सी आम्दानी नवाधेको फर्निचरको तथा कम्पुटर ल्याव स्थापना कार्य सम्पन्न नभएको तथा कार्यसम्पन्न प्रतिवेदन समेत तयार नभएको र अनुगमन प्रतिवेदन समेत पेश</td><td>६५०,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>नभएकोले उक्त शैक्षिक तथा व्यावस्थापकीय योजना अनुदानको जिन्सी आम्दानी वाधेको प्रमाण कार्य सम्पन्न प्रतिवेदन तथा अनुगमन निरीक्षण प्रतिवेदन पेश हुनुपर्ने रु.</td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>निशुल्क पाठ्यपुस्तक<br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८ को क्रियाकलाप नं. २.४.६.१ मा प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि कक्षा १२ सम्म अध्ययनरत विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान रकम निकाशा दिने व्यवस्था रहेको छ । यसरी अनुदान रकम निकासा गर्दा IEMIS मा प्रविष्ट तथ्याङकलाई विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसंग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित सोका आधारमा विद्यार्थी संख्या यकिन गरि तेस्राे त्रैमासिकभित्र ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्र २०७९ को विद्यार्थी भर्नाको विवरण,पाठ्यपुस्तक खरिद र वितरणको आधारमा नपुग भएमा थप २५ प्रतिशतबाट अनुदान उपलब्ध गराउने व्यवस्था रहेको छ । कार्यालयले IEMIS मा प्रविष्ट तथ्याङकलाई विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसंग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित नगरेको, विद्यालयले IEMIS मा प्रविष्ट तथ्याङकभन्दा बढी विद्यार्थी संख्यालाई रकम निकासा गरेकोले बढी निकासा गरेको रकम असुल गर्नुपर्ने रु.
<table>
<tr><th>विद्यालयको नाम</th><th>बढी निकाशा</th></tr>
<tr><td>गुदेल मा वि</td><td>४१२५।५</td></tr>
<tr><td>छेस्काम मा वि ३</td><td>३३४५।६</td></tr>
<tr><td>सगरमाथा मा वि</td><td>३५३३</td></tr>
<tr><td>पेल्माङ आ वि</td><td>१३४४९।८</td></tr>
<tr><td>जनसुधार आ वि १</td><td>१८७३।६</td></tr>
<tr><td>छेस्काम आ वि १</td><td>११५९।६</td></tr>
<tr><td>अमरज्योती आ वि</td><td>३७०६।८</td></tr>
</table></td><td>४४,४०१.८</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

| | |
|---|---|
| पात्ले आ वि | ११५९।४ |
| बासुकी आ वि | ५१७।५ |
| युवा आ वि | १६३९ |
| घ्याङखर्क आ वि | ५१८।४ |
| रत्न प्रगतिशिल | ५५६।७ |
| कैलास आ वि | ६०२ |
| महाकुलुङ आ वि | १९०८।४ |
| देनाम आ वि | १५४५।३ |
| हिमचुली आ वि | १०७४।६ |
| सहिद स्मृति | १६६५।४ |
| चोमेलुङमा आ वि | २०२१।२ |

</td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>

**निशुल्क छात्रवृत्ती**

कार्यक्रम कार्यान्यन पुस्तिकामा २०७८ को क्रियाकलाप ४ .२ मा IEMIS मा प्रविष्ट तथ्याङकलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङकसंग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई छात्रवृत्ति रकम अनुदान दिने व्यवस्था रहेको छ । सगरमाथा मा वि ले छात्रवृत्तिको लागि निकाशा लगेको रकममध्ये लक्षित विद्यार्थीहरुलाई वितरण गरेको नदेखिएकाले वितरण गरेको प्रमाण पेश गर्नुपर्ने अन्याथा असुल गर्नुपर्ने रकम रु ८५२००

| विद्यालयको नाम | निकाशा | वितरण | बाँकी |
|---|---|---|---|

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td>सगरमाथा माध्यमिक विद्यालय</td><td>११०४००</td><td>८५२००</td><td>२५२००</td></tr></table></td><td></td></tr>
<tr><td>४३</td><td></td><td></td><td>कार्यसम्पन्न प्रमाण<br>शिक्षा शर्शत तर्फ प्राप्त रकमवाट खर्च गर्दा कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८ को व्यवस्था अनुसार गर्नुपर्ने गरि तोकिएको छ । राष्ट्रपती शैक्षिक सुधार निम्नानुसारका विद्यालयहरुमा कक्षाकोठा निर्माण गर्ने शर्तमा निकासा गरेको रु.८४०००००।— बाट तोकिए वमोजिमको कार्यमा खर्च गरी कक्षा कोठा निर्माण सम्पन्न गरेको प्रमाण पेश हुनुपर्ने रु.<table><tr><td>विद्यालयको नाम</td><td>रकम</td></tr><tr><td>सगरमाथा मा.वि.वुड</td><td>३६०००००।-</td></tr><tr><td>पेल्माड आ.वि.पेल्माड</td><td>१८०००००।-</td></tr><tr><td>जम्मा</td><td>५४०००००।-</td></tr></table></td><td>५,४००,०००</td></tr>
<tr><td>४४</td><td></td><td></td><td>खर्चको प्रमाण<br>हस्तान्तरीत कार्यक्रम कार्यान्वयन स्थिति :- वित्तिय हस्तान्तरण अन्तर्गत प्राप्त रकम खर्च गर्दा तोकिएको कार्यविधिको आधारमा गर्नुपर्ने व्यवस्था छ । सुरक्षित नागरिक आवास वापत छनौट भएका लाभग्राहीले जस्तापातावाट घर छाउने कार्यको लागि २ किस्तामा रु.५० हजार पाउने गरी आ.व.२०७७।७८ मा सम्झौता गरी पहलो किस्ता वापत १३५ जनालाई रु.३०,०००।— का दरले रकम उपलब्ध गराएकोमा लाभग्राहीले उक्त कार्य प्रा गरी वाँकी दोश्रो किस्ताकोरकम भुक्तानी गर्नुपर्नेमा २०७८।७९ सम्म पहिलो किस्ता लिएका ११० जना लाभग्राहीले मात्र काम पुरा गरेकोले उक्त रकमवाट तोकिएको कार्य पुरा नगरेमा सो रकम फिर्ता लिई संघिय संचितकोष दाखिला गर्नुपर्ने रु. ७५०,०००।—<br>ढुवानी भाडा :- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्नुअघि विल भर्पाई सहित रित पुगेनपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । कार्यालयले भौ.नं.९४।२०७९।३।२५ वाट झोलुङ्गेपुलको लठ्ठाको परिमाण TBSU वाट स्वीकृत प्राप्त नगरी Civil works को तर्फको कामको रु.१९९४०००।— पुल उपभोक्ता समितिलाई भुक्तानी गरेको छ । उक्त रकम भुक्तानी गर्दा पेश भएको रनिङ विलमा Transportation from road head to site poster other material 2500 kg उल्लेख</td><td>४३७,६७५</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>उल्लेख गरी रु.३७२०००।— समेतको भुक्तानी गरेको पाइयो । उक्त रकमको साथै सिमेन्ट ढुवानी उल्लेख गरी रु.६७२०००।— समेतको भुक्तानी गरेको पाइयो । उक्त रकमको साथै सिमेन्ट ढुवानी उल्लेख गरी रु.६५६७५।- road head to site समेतको आइटमको भुक्तानी गरेकोले दुवै ढुवानी भाडाको मालसामान खरिद तथा ढुवानी गराएको विल तथा सम्झौता उपभोक्ता समितिले पेश नगरेकोले उक्त खर्च पुष्टि हुने वमोजिमको परिमाण र रकम खुलेको प्रमाण पेश हुनुपर्ने रु.४३७६७५।—</td><td></td></tr>
<tr><td>४५</td><td></td><td></td><td>अनुगमन प्रतिवेदनः<br>गाँउ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७५ को अनुसूची १ (क) मा गाउँपालिका अध्यक्षले रु. १००००/-, उपाध्यक्षले रु. १००००/-, वडाध्यक्षले रु. ४०००/- र कार्यपालिका सदस्यले रु. २०००/- मासिक अनुगमन भत्ता पाउने व्यवस्था छ । अनुगमन भत्ता भुक्तानी लिदाँ मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने व्यवस्था रहेकोमा अनुगमन भत्ता लिने पदाधिकारीले ऐनले तोके बमोजिमको मासिक अनुगमन प्रतिवेदन पेश नगरेको भएतापनि मासिक रुपमा अनुगमन भत्ता बुझिलिएको पाइयो। अनूगमन प्रतिवेदन पेश हुनु पर्दछ।</td><td></td></tr>
<tr><td>४६</td><td></td><td></td><td>अनुगमन तथा सम्परीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ८४ (२) (घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ ।<br>कार्यालयले डोर समक्ष गत विगतको वेरुजु फस्र्यौट गरी सम्परीक्षणको लागि पेश गरेकोमा फस्र्यौट मनासिव देखिएकोले सम्परीक्षण गरिएको छ । यस वर्ष सम्परीक्षण भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।<br>
<table>
<tr><th>सि.नं.</th><th>आ.व.</th><th>वेरुजुदफानं.</th><th>वेरुजुरफर्छैटकोसंक्षिप्तव्यहोरा</th><th colspan="4">फछ्र्यौटकोआधार</th><th>सम्परीक्षण</th></tr>
<tr><th></th><th></th><th></th><th></th><th>असुली</th><th>प्रमाण</th><th>नियमित</th><th>पेश्की</th><th></th></tr>
<tr><td></td><td>२०७४।७५</td><td>२८</td><td>असुल भइ फर्छ्यौट<br>सागर किराती</td><td>१६०००</td><td></td><td></td><td></td><td>१६०००</td></tr>
<tr><td></td><td>२०७४।७५</td><td>२८</td><td>असुल भइ फर्छ्यौट<br>सागर किराती</td><td>१६०००</td><td></td><td></td><td></td><td>१६०००</td></tr>
<tr><td></td><td>२०७४।७५</td><td>२८</td><td>असुल भइ फर्छ्यौट</td><td>१५०००</td><td></td><td></td><td></td><td>१५०००</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | विपना कुलुङ | | | | | | |
| | २०७४।७५ | २८ | असुल भइ फर्छ्यौट डेक बहादुर राई | ४००० | | | | | ४००० |
| | २०७६।०७७ | २४ | जेष्ठ नागरिक सम्मान बढि भुक्तानी | ५००० | | | | | ५००० |
| | २०७६।०७७ | ३५ | पदाधिकारी चाड पर्व खर्च | २०००० | | | | | २०००० |
| | | | **जम्मा** | | | | | | ७६०००.०० |